नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## चिकित्सा शिक्षा आयोग

# स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ बमोजिम मेडिकल कलेजको सिट निर्धारण गर्ने कार्यलाई व्यवस्थित र बैज्ञानिक प्रणालीबाट पारदर्शी र विश्वसनीय बनाउन चिकित्सा शिक्षामा गुणस्तरीय, पेशागतधर्मिता, संस्थागत जबाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम राखी सिट निर्धारण गर्न "स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७" तयार गरी लागू गरिएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७" रहने छ ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**(२) परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

क) **"आयोग"**भन्नाले चिकित्सा शिक्षा आयोगलाई जनाउँछ ।

ख) **"समिति"**भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिलाई बुझाउँछ ।

ग) **"कार्यविधि"** स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७" लाई जनाउँछ ।

घ) **"शिक्षण संस्था"**भन्नाले चिकित्सा शिक्षामा स्नातक र स्नातकोत्तर तह वा सोभन्दा माथिको तह अध्यापन गराउने शिक्षण संस्थालाई जनाउँछ ।

च) **"सिट"**भन्नाले चिकित्सा शिक्षा सञ्चालनका लागि आयोगले प्रत्येक शिक्षण संस्थालाई वार्षिक रूपमा अध्यापन गर्न पाउने गरी उपलब्ध गराएको विषयगत विद्यार्थी संख्यालाई जनाउँछ ।

**(३) अनुगमन सम्बन्धी व्यवस्थाः** (१) आयोगले प्रत्येक वर्ष राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० बमोजिम विज्ञ समूह बनाइ अनुगमन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन आयोगको अनुगमनसम्बन्धी अन्तरिम कार्यविधि, २०७७ बमोजिम हुनेछ ।



२०७७।०७।१५

(३) अनुगमन गर्दा शिक्षण संस्थाका प्राज्ञिक उपलब्धि, कार्यरत फ्याकल्टी, भौतिक पूर्वाधार तथा प्रदान गरिएको सेवासमेतलाई अधार मानिनेछ ।

(४) उपदफा (३) मा जेसुकै भनिए तापनि सन् २०२० को स्नातकोत्तर तहका लागि सिट निर्धारण गर्दा कोभिड १९ को प्रभावका कारण सबै शिक्षण संस्थामा स्थलगत भ्रमण गरी सिट निर्धारण गर्न नसकिने अवस्था भएमा उक्त शिक्षण संस्थाले सन् २०१९ का लागि प्राप्त गरेको सिट, प्राज्ञिक उपलब्धि, भौतिक पूर्वाधार तथा प्रदान गरेको स्वास्थ्य सेवा जस्ता पक्षसमेतलाई मध्यनजर राखी अध्यापनमा रहेका फ्याकल्टी संख्यालाई आधार मानी सिट निर्धारण गरिनेछ ।

**(४) सिट निर्धारणका आधारः** (१) स्नातकोत्तर तहको चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाले आयोगले निर्धारणा गरेको समयभित्र Self Appraisal (स्व मूल्यांकन प्रतिवेदन) संलग्न गरी आफ्नो प्राज्ञिक कुशलता, अस्पताल सेवा, भौतिक पूर्वाधार र फ्याकल्टी, अघिल्लो वर्ष प्राप्त गरेको कोटा तथा सामाजिक उत्तरदायित्व अन्तरगत पुर्याएको सेवाका विवरण समेतलाई संलग्न राखी विषयगत सिट संख्या माग गर्नुपर्नेछ ।

(२) विषयगत सिट संख्या निर्धारण गर्दा चिकित्सा शिक्षा आयोगले तोकेका मापदण्ड समेतका आधारमा दफा (५) मा निर्धारित प्राज्ञिक इकाइलाई आधार लिइने छ ।

**(५) प्राज्ञिक एकाइः** (१) शिक्षण संस्थामा कार्यरत फ्याकल्टी (शिक्षक) मा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक वा सहायक प्राध्यापक भएमा त्यसलाई एक प्राज्ञिक एकाइ मानिने छ ।

(२) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक, एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक वा सहायक प्राध्यापक भएमा तीन सिट प्रदान गर्न सकिने छ ।

(३) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक र दुईजना उप प्राध्यापक वा सहायक प्राध्यापक भएमा कम्तीमा दुई सिट दिइने छ ।

(४) प्राज्ञिक एकाइमा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक वा सहायक प्राध्यापक भएमा कम्तीमा एक सिट दिइने छ ।

(५) सहप्राध्यापकको कोटा हिसाबमा मिलान भई बाँकी रहन आएमा उक्त संख्यालाई समेत सहायक वा उपप्राध्यापकमा गणना गर्न सकिने छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(६) प्राज्ञिक एकाइ नभएको शिक्षण संस्थामा सिट उपलब्ध गराइने छैन ।

(७) प्राज्ञिक इकाइमा रहने फ्याकल्टीको उमेरहद क्लिनिकलतर्फ ७३ र ननक्लिनिकल तथा विडिएसतर्फ ७५ बर्ष भन्दा बढी हुनेछैन ।

(८) MDGP कार्यक्रमको सिट निर्धारणमा प्राज्ञिक इकाइको गणना गर्दा कम्तीमा एक फ्याकल्टी (प्राध्यापक/सहप्राध्यापक) MDGP विधाकै हुनुपर्ने र अन्य फ्याकल्टी Internal Medcine, Pediatrics, Gyane/Obs वा General Surgery को समेतलाई गणना गरी सिट निर्धारण गरिनेछ ।

(९) नर्सिङ लगायतका अन्य कार्यक्रमको सिट निर्धारण सम्बन्धमा सम्बन्धित विश्वविद्यालयको प्रस्ताव, विगतमा अपनाइएका मापदण्ड र सम्बन्धित काउन्सिलले अपनाएका मापदण्डका आधारमा प्राज्ञिक इकाइ र सेवासमेतलाई ध्यानमा राखी सिट विवरण गराइनेछ ।

(१०) MIT, Forensic Medcine जस्ता विषयमा जनशक्तिको कमी भएकाले प्राज्ञिक इकाइको गणना गर्दा विषयसँग सम्बन्धित अन्य फ्याकल्टीको संलग्नतालाई समेत ~~विशेष प्राथमिकता~~ मान्यता दिइनेछ ।

(११) चिकित्सा शिक्षा अध्यापन गर्ने विश्वविद्यालय/प्रतिष्ठान तथा शिक्षणसंस्थाले प्रयोगात्मक विषय अध्यापन र अभ्यास गर्नका लागि आफ्नो शिक्षण अस्पताल सोही विश्वविद्यालय/प्रतिष्ठानका लागि मात्र मान्य हुने र अन्य विश्वविद्यालय/प्रतिष्ठान/शिक्षणसंस्थाले समेत सोही अस्पताल प्रयोग गरेको अवस्थामा त्यसलाई आधार मानेर सिट निर्धारण गरिने छैन ।

**(६) फ्याकल्टीको सत्यापनः** Self Appraisal (स्व मूल्यांकन प्रतिवेदन) मा शिक्षण संस्थाले पेस गरेका फ्याकल्टी सोही संस्थामा कार्यरत रहे नरहेको सत्यापन गर्ने कार्य सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान वा काउन्सिलसँगको परामर्शमा गरिने छ ।

**(७) आयोगको निर्णयानुसार हुने** : (१) कार्यकारी समितिले दफा (४) बमोजिम हुन आउने सिट निर्धारण गरी आयोग समक्ष पेस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएकामा आयोगले निर्धारण गरेबमोजिम सिट संख्या कायम हुनेछ ।

**(८) विविधः** यस कार्यविधिमा नपरेका विषयमा थप निर्णय गर्नुपरेमा समितिले गरेको निर्णय यसै कार्यविधिबमोजिम भएको हुनेछ ।